**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले अंतरराष्ट्रीय दिव्यांगजन दिवस २०२४ को अवसरमा दिव्यांगता भएका व्यक्तिहरूको सशक्तिकरणमा असाधारण योगदान पुऱ्याएका ३३ व्यक्ति र संस्थाहरूलाई राष्ट्रिय पुरस्कार प्रदान गर्नु हुने कार्यक्रम छ।

२. उप राष्ट्रपति जगदीप धनखर एकदिने भ्रमणका लागि आज मुम्बई जानु हुनेछ।

३. प्रधानमन्त्री नरेन्द्र मोदीले आज चण्डीगढमा तीन नयाँ अपराधिक कानूनको कार्यान्वयनको प्रगतिको बारेमा राष्ट्रलाई अवगत गराउनु हुनेछ।

४. विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले लगानीलगायत सबै महत्वपूर्ण आर्थिक निर्णयलाई राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट हेर्नु पर्ने आवश्यकतामा जोड दिनु भएको छ।

५. तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले चक्रवाती आँधी फेंगलबाट राज्यमा भएको क्षतिबाट राहतका लागि केन्द्र सरकारलाई दुई हजार करोड रुपियाँ उपलब्ध गराउन अनुरोध गर्नु भएको छ।

**राष्ट्रपति पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा अंतरराष्ट्रीय दिव्यांगजन दिवस २०२४ को अवसरमा दिव्यांगता भएका व्यक्तिहरूको सशक्तिकरणमा असाधारण योगदान पुऱ्याएका ३३ व्यक्ति र संस्थाहरूलाई राष्ट्रिय पुरस्कार प्रदान गर्ने कार्यक्रम छ। यस अवसरमा सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले अपाङ्गता भएका व्यक्तिहरुको जीवनलाई समृद्ध बनाउन १६ वटा परिवर्तनकारी उपायहरुको शुभारम्भ गर्नु हुनेछ। यी उपायहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने र उनीहरूका लागि आविष्कार र प्रविधिको प्रयोग समावेश छ। यस कार्यक्रमको उद्देश्य सामाजिक परिवर्तन र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउन सरकारी तथा गैरसरकारी प्रतिनिधि, विज्ञ तथा विभिन्न सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याउनु रहेको छ।

****** ० ******

**राष्ट्रपति- ओडिशा भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु पाँच दिने भ्रमणका लागि आज ओडिशा प्रस्थान गर्दै हुनुहुन्छ। भ्रमणका क्रममा राष्ट्रपतिले पण्डित रघुनाथ मुर्मुको सालिगको अनावरण गर्नुका साथै भुवनेश्वरस्थित आदिम ओवर जार्पा जहेरको भ्रमण गर्नु हुने कार्यक्रम छ । उहाँले पुरीको श्री जगन्नाथ मन्दिरमा पनि पूजा गर्नु हुनेछ। राष्ट्रपति मुर्मुले गोपबन्धु आयुर्वेद कलेजको ७५ औं स्थापना दिवस समारोहमा भाग लिनुका साथै ब्लू फ्ल्याग बीचमा नौसेना दिवस समारोह र परिचालन प्रदर्शनमा पनि भाग लिनु हुनेछ।राष्ट्रपतिले ५ दिसम्बरमा भुवनेश्वरमा हुने ओडिशा युनिभर्सिटी अफ एग्रिकल्चर एण्ड टेक्नोलोजीको ४०औं दीक्षान्त समारोहमा सहभागी हुनुहुनेछ। उहाँले भुवनेश्वरको नयाँ अदालत परिसरको पनि उद्घाटन गर्नु हुनेछ।राष्ट्रपति द्रौपदी मुर्मुले ६ दिसम्बरमा रैरङपुरमा विद्यार्थी, शिक्षक र गाउँलेहरूसँग भेटघाट र अन्तरक्रिया गर्नु हुनेछ। भ्रमणको अन्तिम दिन राष्ट्रपतिले बाङ्गिरिपोसी–गोरुमहिसानी, बुरामारा–चकुलिया र बदामपहार–केन्दुझारगढ रेलमार्ग, रैराङपुरमा आदिवासी अनुसन्धान तथा विकास केन्द्र, डाँडबोस विमानस्थल र उप विभागीय अस्पताल लगायतका विभिन्न आयोजनाको शिलान्यास गर्नु हुने कार्यक्रम छ।

****** ० ******

**उप राष्ट्रपति-मुम्बई भ्रमण**

उप राष्ट्रपति जगदीप धनखर एकदिने भ्रमणका लागि आज मुम्बई जानु हुनेछ। उहाँ केन्द्रीय कपास प्रविधि अनुसन्धान संस्थानको शताब्दी स्थापना दिवस समारोहमा प्रमुख अतिथि रहनु हुनेछ र शताब्दी स्तम्भको उद्घाटन पनि गर्नु हुनेछ। कार्यक्रममा केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहान, राज्यमन्त्री रामनाथ ठाकुर, महाराष्ट्रका राज्यपाल सी.पी. राधाकृष्णन लगायत अन्य महानुभावहरु उपस्थिति रहनेछ।

****** ० ******

**पीएम-चण्डीगढ**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज चण्डीगढमा तीन नयाँ अपराधिक कानूनको कार्यान्वयनको प्रगतिको बारेमा राष्ट्रलाई अवगत गराउनु हुनेछ। यी कानूनहरू हुन्- भारतीय न्यायिक संहिता, भारतीय नागरिक रक्षा संहिता र भारतीय प्रमाण अधिनियम। गत १ जुलाईदेखि देशभर लागू भएका यी कानुनले कानुनी प्रणालीलाई थप पारदर्शी, सक्षम र समसामयिक समाजको आवश्यकता अनुरुप उत्तरदायी बनाउने लक्ष्य राखेको छ। कार्यक्रमको नारा - सजायबाट न्यायको दृष्टिकोणबाट सुरक्षित र विकसित भारत रहेको छ। कार्यक्रममा नयाँ कानूनका व्यावहारिक पक्षहरू हाइलाइट गरिनेछ। यसमा यी कानूनहरूद्वारा अपराधिक न्यायको परिदृश्यमा के-कस्ता परिवर्तनहरू ल्याइयो भन्ने कुरा स्पष्ट हुनेछ।

****** ० ******

**जयशंकर-राष्ट्रिय सुरक्षा**

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले लगानीलगायत सबै महत्वपूर्ण आर्थिक निर्णयलाई राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट हेर्नु पर्ने आवश्यकतामा जोड दिनु भएको छ। नयाँ दिल्लीमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री सीआईआई पार्टनरशीप कन्फरेन्स २०२४ लाई सम्बोधन गर्दै डा. जयशंकरले भन्नु भयो, यदि हामी हतियारीकरणको युगमा छैनौं भने हामी द्रुत नाफाको युगमा छौं। त्यसैले नीति निर्माताहरूले लगानीलगायत सबै आर्थिक निर्णयहरू राष्ट्रिय सुरक्षा हितको दृष्टिकोणबाट लिनुपर्छ। उहाँले व्यापारमा सावधानी अपनाउनु पर्ने बताउनु भयो, किनभने विश्वमा वाणिज्य र आपूर्ति श्रृंखलाको प्रकृति यस्तो छ कि परम्परागत सावधानी सधैं पर्याप्त हुँदैन। डा जयशंकरले यो प्रचलन विश्वभर रहेको र यसलाई बेवास्ता गर्ने हो भने हाम्रा लागि खतरनाक हुने बताउनु भयो। उहाँले विकासका लागि विश्वस्त साझेदारहरूसँग मिलेर काम गर्न सुझाव दिनु भयो। उहाँले यी कदमहरू भारतमा थप आर्थिक अवसरहरू सिर्जना गर्ने उद्देश्य रहेको पनि बताउनु भयो। चीनको आक्रामक व्यापार शैलीलाई लिएर विश्वव्यापी रूपमा बढ्दो चासोका बीच विदेश मन्त्रीले यस्तो टिप्पणी गर्नु भएको हो।संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको रूपमा डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल र भारतमा यसको प्रभावको बारेमा, डा. जयशंकरले जोड दिनु भयो कि संयुक्त राज्य अमेरिकासँग भारतको रणनीतिक साझेदारी समयसँगै गहिरो भएको छ, जसले सहयोगका लागि थप अवसरहरू प्रदान गरेको छ।

****** ० ******

**एनसीसी-डीजी**

राष्ट्रिय क्याडेट कोर्प्स-एनसीसीका सदस्यहरूलाई तालिम दिन लगभग दुई हजार भूतपूर्व सैनिकहरूलाई एकेडेमीहरूमा नियुक्त गरिनेछ। एनसीसीका महानिर्देशक लेफ्टिनेन्ट जनरल गुरवीरपाल सिंहले आकाशवाणीलाई दिनु भएको अन्तर्वार्तामा यो जानकारी दिनु भएको हो। एनसीसी क्याडेटहरू अग्निवीर योजनामा उत्साहका साथ सहभागी भइरहेका छन्। एनसीसीले सेनामा भर्ना हुन चाहने क्याडेटलाई पनि तालिम दिने गरेको उहाँले बताउनु भयो।श्री सिंहले नयाँ र उदीयमान चुनौतीका आधारमा क्याडेटहरूलाई तालिम दिइने बताउनु भयो। प्रधानमन्त्री नरेन्द्र मोदीले यही ५ जुनमा वातावरण संरक्षणका लागि शुरु गर्नु भएको राष्ट्रव्यापी वृक्षारोपण अभियान ‘एक पेड माँ के नाम’ मा एनसीसी क्याडेटले भाग लिएको उहाँले बताउनु भयो।

****** ० ******

**एफडीआई वृद्धि**

प्रत्यक्ष विदेशी लगानी यस वर्ष अप्रेलदेखि सेप्टेम्बरसम्मको त्रैमासिक अवधिमा सोही अवधिको गत वर्षको तुलनामा यस वर्षको एफडीआई ४५ प्रतिशतले बढेको छ। यस अवधिमा २९ अरब डलरभन्दा बढी लगानी भएको छ। उद्योग प्रवर्द्धन तथा आन्तरिक व्यापार विभागका अनुसार एफडीआईले मुख्यतया सेवा क्षेत्र, कम्प्युटर सफ्टवेयर तथा हार्डवेयर, दूरसञ्चार, अटोमोबाइल,

औषधि र रसायनलाई फाइदा पुगेको छ। एफडीआईमा भएको वृद्धिले लगानी, राम्रो प्रविधिको प्रयोग र अर्थतन्त्रमा रोजगारी सृजनालाई बढावा दिन्छ।

****** ० ******

**तमिलनाडु मुख्यमन्त्री पत्र-प्रधानमन्त्री**

तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले चक्रवाती आँधी फञ्जलबाट राज्यमा भएको क्षतिबाट राहतका लागि केन्द्र सरकारलाई २,००० करोड रुपियाँ उपलब्ध गराउन अनुरोध गर्नु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीलाई लेख्नु भएको पत्रमा मुख्यमन्त्री स्टालिनले राज्यमा आँधी र भारी वर्षाका कारण भएको क्षतिको मूल्याङ्कन धानबारीबाट वर्षाको पानी कम हुने बित्तिकै गरिने बताउनु भएको छ। उहाँले चक्रवातबाट मृत्यु हुनेका परिवार र गाईवस्तु तथा घरमा क्षति पुगेकालाई सरकारले उचित क्षतिपूर्ति दिने बताउनु भयो। श्री स्टालिनले चक्रवाती आँधीबाट भएको क्षतिको आकलन गर्न केन्द्रीय टोली पठाउन राज्य सरकारले केन्द्र सरकारलाई अनुरोध गर्ने बताउनु भएको छ।

****** ० ******

**अगरतला-कन्क्लेभ**

त्रिपुराका मुख्यमन्त्री डा माणिक शाहले राज्य सरकारले आगामी दुई–तीन वर्षमा काठको खेतीबाट दुई हजार करोड रुपियाँ राजस्व आर्जन गर्ने लक्ष्य लिएको बताउनु भएको छ।अगरतलामा आयोजित चौथो अन्तर्राष्ट्रिय अगर वुड कन्क्लेभ र क्रेता-विक्रेता भेट २०२४ पछि हिजो साँझ पत्रकारहरूसँग कुरा गर्नु हुँदै उहाँले अगर काठको व्यवसायले जनताको सामाजिक आर्थिक अवस्था सुधार्ने बताउनु भयो। अगर एक सुगन्धित, गाढा रेजिनस काठ हो जुन धूप, अत्तर र हातले नक्काशी गरिएको हस्तकला उत्पादनहरूमा प्रयोग गरिन्छ। रूखबाट निकालिएको राल र अत्तरको अतिरिक्त, त्यहाँ अन्य उत्पादनहरू छन् जुन अगर काठबाट बनाउन सकिन्छ।राज्य सरकारले २०२१ मा काठ व्यवसायमा काम गर्नेलाई प्रोत्साहन र अन्य सहयोग गर्ने नीति बनाएको छ। त्रिपुराको राजधानी अगरतलाको नाम अगरको रुखबाट राखिएको हो। कुनै समय यस क्षेत्रमा अगरका रुखहरु धेरै थिए। हाल उत्तर त्रिपुरा जिल्लामा आगरका रूखहरू सबैभन्दा बढी छन्।

****** ० ******

**रवि बाली**

यसपटक ४२८ लाख हेक्टरभन्दा बढी क्षेत्रमा रवि बाली रोपिएको छ। अघिल्लो वर्षको सोही अवधिमा १८७.९७ लाख हेक्टर क्षेत्रफलमा गहुँ रोपेको तुलनामा यसपटक २ लाख हेक्टरभन्दा बढी क्षेत्रफलमा गहुँ रोपिएको कृषि मन्त्रालयले जनाएको छ। १ लाख हेक्टरभन्दा बढी क्षेत्रमा दालको खेती पनि १०५.१४ हेक्टरबाट बढेर १०८.९५ लाख हेक्टर पुगेको छ। २९ दशमलव २४ लाख हेक्टरमा मोटो धान रोपिएको छ भने ८०.५५ लाख हेक्टरमा तिलहन रोपिएको छ।

****** ० ******

**हक्की-जुनियर एसिया कप**

पूर्व विजेता भारतले आज ओमानको मस्कटमा हुने पुरुष हक्की जुनियर एसिया कप २०२४ को सेमिफाइनलमा मलेसियाको सामना गर्नेछ। यो म्याच भारतीय समय अनुसार राति ८:३० बजे शुरु हुनेछ।यसअघि आइतबार भएको खेलमा भारतीय टोली दक्षिण कोरियालाई ८–१ गोल अन्तरले पराजित गर्दै समूह 'ए' को शीर्ष स्थानमा पुगेको थियो। उक्त खेलमा भारतका लागि अर्शदीप सिंहले ह्याट्रिक गरेका थिए भने अरजित सिंह हुण्डलले दुई गोल गरेका थिए। गुर्जोत सिंह, रोशन कुजुर र रोहितले एक एक गोल गरे। दक्षिण कोरियाका लागि तेह्योन किमले एक मात्र गोल गरे। यस प्रतियोगिताको अर्को सेमिफाइनल आज पाकिस्तान र जापानबीच हुनेछ। जसमा विजेता टोली प्रतियोगिताको फाइनलमा पुग्ने पहिलो टोली हुनेछ । पुरुष १०औँ हक्की जुनियर एसिया कप प्रतियोगिताको फाइनल भोलि हुँदैछ।

****** ० ******

**प्रो कबड्डी लिग**

प्रो कबड्डी लिगको अन्तिम चरण आजदेखि पुणेमा शुरु हुँदैछ। यो २४ दिसम्बरसम्म चल्नेछ। इलिमिनेटर र सेमिफाइनल लगायतका प्लेअफ खेल २६ र २७ दिसम्बरमा हुनेछन्। फाइनल खेल २९ दिसम्बरमा हुनेछ।बेंगलुरु बुल्सले आज राति ८ बजे

गुजरात जाइन्ट्ससँग खेल्नेछ। अर्कोतर्फ, पुनेरी पल्टनले आज राति ९ बजे चिरप्रतिद्वन्द्वी यू मुम्बासँग खेल्नेछ। पुणेमा हुने हरेक खेलले यस सिजनको टोलीको भाग्य तय गर्नेछ।

****** ० ******